बैठक नं. ७२
आ.व.२०८२।०८३

मिति : २०८२।०९।२८
समय : दिउँसो १:०० बजे
स्थान : नगरपालिकाको कार्यालय

आज मिति २०८२।०९।२८ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको बैठक बसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत

२) नगर उप–प्रमुख श्री गुलिया कुमारी चौधरी

३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा

४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी

५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम

६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही

७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द

८) वडा नं. ६ वडा अध्यक्ष श्री धन वहादुर चौधरी

९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा

१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद

११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह

१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार

१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी

१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी

१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार

१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा

१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा

१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवोसरा भण्डारी

१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.

२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.

२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली

२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार

२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ बैठक नं ७२ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु

बैठक मिति : २०८२।०९।२८ समय : दिउँसो १:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

प्रस्तावहरु :

१) राय सुझाव माग गर्ने सम्बन्धमा ।

२) अध्ययन समिति गठन सम्बन्धमा ।

३)संघीय समपुरक र विशेष अनुदान तथा तराई मधेश सम्वृद्धी कार्यक्रम अन्तर्गत माग गर्नु पर्ने योजना कार्यक्रम सम्बन्धमा ।

४) घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धमा ।

५) गुरुयोजना स्वीकृत गर्ने सम्बन्धमा ।

६) जग्गाको नाँपजाच सम्बन्धमा ।

७) ट्रस निर्माणको ठेक्का स्थगित तथा नयाँ सभाहल सहितको भवन निर्माण सम्बन्धमा ।

८)विविध सम्बन्धमा ।

निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ को नदिजन्य पदार्थको उत्खनन् संकलनको ठेक्का आवहान भई मिति २०८२।०५।१७ गते १५ दिन भित्र सम्झौता गर्न आउन भनि श्री एच.एम.विल्डर्स प्रा.लि. सुनसरीलाई पत्राचार भएकोमा उक्त १५ दिन भित्रै भाद्र २३ र २४ गते जेन जेड आन्दोलनले कार्यालय भवन पूर्ण आगजनी भएको र सो समयावधि भित्र उक्त ठेकेदार कम्पनी सँग सम्झौता हुन नसकेको कारण ५ प्रतिशत बैंक जमानत जफत गरि पूनः ठेक्का आवहान भएकोमा सम्मानित सर्वोच्च अदालतमा उक्त ठेकेदार कम्पनीले उत्प्रेषण रिट निवेदन हाली सम्मानित सर्वोच्च अदालतवाट २०८२।०९।०८ गते फैसला भई कार्यालयले जफत गरेको बैंक ग्यारेन्टी फुकुवा गर्नु भनि आदेश आएको र उक्त ठेकेदार कम्पनी सँग सम्झौता गर्नु भनि स्पष्ट आदेश नभएको सन्दर्भमा उक्त ठेकेदार कम्पनीले नियमानुसारको अवधि घटाई आफु सँग ठेक्का सम्झौता गरि पाउँ भनि निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त ठेकेदार कम्पनी सँग ठेक्का सम्झौता गर्न मिल्ने नमिल्ने के हो यकिन हुन नसकेकोले श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, जिल्ला सरकारी वकील कार्यालय र मुख्य न्यायधिवक्ताको कार्यालयवाट कानुनी राय सुझाव माग गर्ने र राय सुझाव प्राप्त नभएमा नदिजन्य पदार्थ उत्खनन संकलनको ठेक्का प्रक्रिया पुनःअगाडी बढाउन कार्यालयलाई निर्देशन दिने र उक्त ठेक्कामा ३ पटक सम्म वोलपत्र आह्वान गरिएकोमा कुनै पनि बोलपत्रदाताहरुले वोलपत्र प्रकृयामा भाग नलिएकोले उक्त कार्यका लागि पुनः सुरु प्रकृया देखि वोलपत्र आह्वान गर्दा निर्धारित समयावधिमा असोज, कार्तिक,मंसिर, पौष र माघ महिना वोलपत्र आह्वानमा व्यतितभै जाने भएकोले उक्त समयमा संकलन हुने नदिजन्य पदार्थको परिमाण संख्या घटाई वाकि रहने परिमाण संकलनका लागि पुनःबोलपत्र आह्वान गर्न राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको र सबै नदिहरुको एकमुष्ट ठेक्का गर्दा ठूलो रकमको ठेक्कामा नजाने देखिदा IEE भएका ५वटै नदिहरुको गत आ.व.जस्तै छुट्टाछुट्टै नदिहरुको छुट्टाछुट्टै ठेक्का प्रक्रिया अगाडी वढाउने निर्णय गरियो।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल छलफल गर्दा यस नगरपालिकाको प्रमुख पर्यटकीय तथा धार्मिक स्थल घोडाघोडी ताल क्षेत्रको प्रवेश शुल्क,पार्किङ्ग शुल्क लगातका विभिन्न कर ,शुल्क संकलन एक द्वार प्रणालीवाट गर्न ठेक्का संचालन गरिएकोमा घोडाघोडी सामुदायिक वन र टेङ्गना सामुदायिक वनले वन संरक्षण व्यवस्थापनको लागि आवश्यक रकम माग गरेकाले सो सम्बन्धमा अध्ययन गरि प्रतिवेदन पेश गर्न देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो

तपशिल :

| | |
|---|---|
| १) नगर उप प्रमुख श्री गुलिया कुमारी चौधरी | -संयोजक |
| २)वडा न १ वडा अध्यक्ष श्री घनश्याम ओझा | -सदस्य |
| ३) वडा न ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही | -सदस्य |
| ४) वडा न ८ वडा अध्यक्ष श्री विर वहादुर साउँद | -सदस्य |
| ५) कार्यपालिका सदस्य श्री टेकेन्द्र बहादुर नेपाली | -सदस्य |